" रुरुक्षेत्र समृद्धिको आधार, कृषि, पर्यटन र स्वरोजगार"

रुरुक्षेत्र गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घिउबेंसी, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्री सम्बन्धी पुनः बोलपत्र आव्हान सम्बन्धी सूचना ।

(पुनः प्रकाशित मिति : २०८३ भाद्र १८ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (६), लुम्बनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८३, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो शंसोधन) मापदण्ड, २०७९ र यस गाउँपालिकाको आर्थिक ऐन, २०८३ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेलको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (२) बमोजिम उल्लेखित न्यूनतम अंकमा नघट्ने गरि स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मिति : २०८३/०५/१० गते प्रथम पटक प्रकाशित भएकोमा उक्त बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको प.स.: सू.प्र.-०८३/८४ च.नं. MIT/१८२ मिति : २०८३/०५/११ गतेको पत्रानुसार रद्द गरिएको र पुनः बोलपत्र आह्वान गरिएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्म दर्ता नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

क्र.सं.	सूचना/बोलपत्र नं	बोलपत्रको नाम	वार्षिक उत्खनन परिमाण (घन फुट)	न्यूनतम बोलपत्र रकम रु. (कर बाहेक)	धरौटी रकम रु.	बोलपत्र दस्तुर (रु.)
१	ORRM-REV-NCB-1-083/84	बगाउने खोला बगर क्षेत्र, वडा नं. ५	१,६७,३९३	१३,३९,१४४/-	४०,१७४/-	३,०००/
२	ORRM-REV-NCB-2-083/84	रुद्रवेणी बगर क्षेत्र, वडा नं. २	५,१५,६५०	४१,२५,२००/-	१,२३,७५६/-	३,०००/
३	ORRM-REV-NCB-3-083/84	पोखरे बगर क्षेत्र, (क र ख) वडा नं. २	४,२५,९३२	३४,०७,४५६/-	१,०२,२२३/-	३,०००/
४	ORRM-REV-NCB-4-083/84	रिडी बगर क्षेत्र २, वडा नं. १	१०,०४,४८९	८०,३५,९१२/-	२,४१,०७७/-	३,०००/

बोलपत्र सम्बन्धी शर्तहरु यस कार्यालयको website https://www.rurumun.gov.np मा प्रकाशन गरिएको छ ।

२०८३०४।१८

दिनेश ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत